नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
# सूचना तथा प्रसारण विभाग
(प्रशासन तथा प्रेस शाखा)

फोन: ४११२७१७
४११२५५४
४११२५५३
फ्याक्स: ४११२६५२
pressdoi8@gmail.com

प.सं.: २०७५/०७६
च.नं.: ८४१

मिति : २०७५/१२/१२

विषयः- विज्ञापन नमूना पठाइएको ।

श्री सम्पादकज्यू,
वर्गीकरणमा परेका सबै पत्रपत्रिकाहरु ।

नेपाल सरकारले वर्गीकरणमा परेका पत्रपत्रिकाहरूलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराउँदै आएको व्यहोरा अवगत नै छ । यसै सिलसिलामा च.नं. प्रेस-२२/२२८ मिति २०७५/१२/१० गतेको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको पत्रबाट **हातहतियार र खरखजाना बुझाउने सम्बन्धी** निम्न सन्देशहरु लोक कल्याणकारी विज्ञापनको रुपमा प्रकाशन प्रसारणका लागि अनुरोध भई आएको सन्दर्भमा देहायका विज्ञापनलाई प्राथमिकता दिई आलोपालो मिलाई प्रकाशन गर्ने व्यवस्था गर्नुहुन मिति २०७५/१२/१२ को निर्णयानुसार अनुरोध छ ।

२०७५।१२।१२
रुपा बि.क.
शाखा अधिकृत

बोधार्थः-
श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार ।
श्री गृह मन्त्रालय, कार्यालय व्यवस्थापन तथा जिन्सी शाखा, सिंहदवार ।
श्री प्रदेश मुकाममा रहेका हुलाक कार्यालयहरु:- उपर्युक्त अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।
श्री आर्थिक प्रशासन शाखा, सूचना तथा प्रसारण विभाग ।

Scanned by CamScanner

कानून बमोजिम लिनुपर्ने इजाजत नलिइ वा इजाजत पत्र नविकरण नगराई वा इजाजत प्राप्त व्यक्तिको मृत्यु पश्चात हकवालाको नाममा नामसारी नगराई वा अन्य जुनसकै तरिकाले नेपाल राज्य भित्र कोही कसैले अवैध हतियार र खरखजाना राखेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालय वा नेपाली सेनाको ब्यारेकमा अनिवार्य रुपमा बुझाउनु हुन नेपाल सरकार (म.प.) को मिति २०७५/११/२८ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ। यसरी हातहतियार र खरखजाना बुझाउन ल्याएमा यस अघि ती अवैध हातहतियार र खरखजाना राखेको कारणले मात्र त्यस्ता व्यक्तिलाई कुनै कानूनी कारवाही नचलाइने हुँदा तोकिएको समय भित्र अवैध हातहतियार तथा खरखजाना अनिवार्य रुपमा बुझाउनुहुन सम्बन्धित सवैमा जानकारी गराइन्छ। यदि इजाजत प्राप्त नगरी आफुसँग रहेका हातहतियार खरखजाना तोकिएको अवधिभित्र स्वेच्छाले नबुझाएमा त्यस्ता व्यक्ति उपर प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सूचित गरिन्छ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

**सूचना तथा प्रसारण विभाग**